# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

# बिहादी गाउँपालिका

वहाकीठाँटी ,पर्वत

गण्डकी प्रदेश ,नेपाल

## मिति २०७८ साल असार १० गते

**विहादी गाउँपालिकाको सम्मानित आठौं गाउँसभाका आदरणीय सभा सदस्यज्युहरु, उपस्थित महानुभावहरु, कर्मचारी तथा पत्रकार मित्रहरु,**

**विहादी गाउँ पालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।**

कोभिड-१९ दोश्रो लहर सँगसंगै सृजित विश्वव्यापी महामारीको असहज, अप्रिय र चुनौतिपूर्ण अवस्थाबाट गुज्रिरहेको परिवेश र परिस्थितिको सामना गर्दै नागरिकको स्वास्थ्य रक्षा गर्न विकासका कार्यक्रमहरुलाई गतिशील तुल्याउदै पुनरुत्थान गर्न सकिन्छ भन्ने पूर्ण विस्वासका साथ आज म विहादी गाउँपालिकाको आठौँ गाउँसभामा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा विहादी गाउँपालिकाको तर्फबाट यहाँहरुलाई हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्न चाहन्छु ।

यस महत्वपूर्ण अवसरमा नेपालको अग्रगामी, आमुल तथा युगान्तकारी परिवर्तनका साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका वलिदानीपूर्ण संघर्ष, ऐतिहासिक जनआन्दोलन लगायत अन्य सवै आन्दोलनहरुमा शाहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विहादी गाउँपालिकाको समग्र विकासको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुको अमूल्य योगदानको स्मरण पनि गर्न चाहन्छु ।

सन् २०२० को प्रारम्भमा देखा परेको कोभिड-१९ महामारीले हाम्रो विकास र समृद्धिको यात्रालाई गम्भीर रुपमा प्रभावित गरेको छ । कोभिड महामारी र सोको रोकथाम र नियन्त्रण गर्न वाध्यतावस अवलम्बन गरिएका लकडाउन, निषेधाज्ञा लगायतका क्रियाकलापले गर्दा जनजीवनमा असहजता सिर्जना भएको छ । संक्रमण रोकथाम नियन्त्रण र उपचारका लागि गरिएका अथक प्रयासका बावजुत पनि यस वर्षको नयाँ प्रजाति सहितको दोश्रो लहर महामारीबाट स्वदेश तथा विदेशमा संक्रमित भई जीवन गुमाउनु भएका सम्पूर्ण व्यक्तिहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनहरु प्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै स्वदेश तथा विदेशमा संक्रमित भई उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस संकटपूर्ण घडीमा महामारीको रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउन तथा निर्देशनहरुको पूर्ण रुपमा परिपालना गर्नुहुने सम्पूर्ण विहादीवासी दिदीबहिनी तथा दाजुभाइहरु, अहोरात्र खटिनुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, राजनीतिक दल, शिक्षक, उधोग ब्यबसायी तथा अत्यावश्यकिय सेवालाई सहज बनाउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभाबहरु एवं संघ संस्थाहरुप्रति उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

**आदरणीय सभा सदस्यज्युहरु,**

संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना संगै स्थानीय सरकारको रुपमा पाचौ वर्षको संघार सम्म आइपुग्दा आशालाग्दा उपलब्धी संगसंगै उत्साहवर्द्धक अवस्था रहेको अनुभुति गरेको छु । यद्यपि कोभिड-१९ को संक्रमणबाट फैलिएको महामारीले समृद्ध, सबल र सुन्दर विहादी निर्माण गर्ने कार्यमा अवरोध खडा भएता पनि कोरोना भाइरसलाई परास्त गरी आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास,

सरकारले हासिल गरेका केहि महत्वपूर्ण उपलब्धिहरु यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

विहादी गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

- राजनीतिक र प्रशासनिक संयन्त्र संस्थागत भएको छ ।
- कर्मचारीको केहि हद सम्म पदपुर्ति, प्रशासनिक भवन, सभाहल तथा वडा कार्यालयहरुको भवन निर्माण जस्ता कार्यहरुले जनतालाई प्रदान गर्ने सेवाहरुमा प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि भएको छ ।
- सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन, के.जी. कक्षा सञ्चालन, दिवा खाजा जस्ता कार्यक्रमहरुले बालबालिकाहरुको शैक्षिक पहुँचमा वृद्धि भएको छ ।
- सवै तहका अधिकांश विद्यालयहरुमा आधुनिक भूकम्प प्रतिरोधी भवन, शौचालय, खानेपानि, ICT Lab, विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पुर्वाधारहरुको निर्माण गरिएको छ र कतिपयमा सम्पन्न हुने क्रममा रहेका छन ।
- वहाकी सामुदायिक क्याम्पसको प्रशासनिक तथा क्याम्पस भवन निर्माण भै सेवा संचालनमा आएको छ ।
- विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम मार्फत विद्यार्थीहरुको अन्तर्निहित क्षमता उजागर गर्ने कार्यक्रमहरु सञ्चालन गरिएका छन ।
- कोभिड-१९ का कारण विद्यार्थीमा भएको सिकाइ क्षतिलाई न्युनीकरण गर्न वैकल्पिक माध्यमका पाठ्यपुस्तकहरुको व्यवस्था गरिएको छ ।
- शिक्षकहरुको क्षमता विकास गर्न हस्तलेखन तालिम, लेखा व्यवस्थापन तालिम, ICT तथा IEMIS तालिमहरु सञ्चालन गरिएका छन ।
- पालिका अन्तर्गत रहेका सबै विद्यालयमा आइसिटी तथा इन्टरनेट सेवा प्रदान गरिएको छ ।
- माध्यमिक तह सञ्चालित सबै विद्यालयहरुमा विद्युतीय हाजिर गर्ने व्यवस्था मिलाइएको छ ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण गर्ने कार्यलाई अगाडी बढाइएको छ ।
- शिक्षक दरबन्दी मिलान कार्यविधी २०७६ मा व्यवस्था भए बमोजिम यस पालिका अन्तरगत रहेका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान कार्यलाई सम्पन्न गरिएको छ ।
- सवै सामुदायिक विद्यालयका किशोरीहरुलाई निशुल्क सेनीटरी प्याड उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ ।
- बालविकासमा अध्ययनरत बालबालिकाहरुको लागि बाल शिक्षण सामग्रीहरुको व्यवस्था गरिएको छ ।
- विहादी गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुबाट नेपाल सरकारको मापदण्ड अनुसार अत्यावश्यक एबं आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- भौगोलिक रुपले असहज ५ नं. वडाको गेसांग, भतेरपाटा, लुर्रिंग, चिउरीखाल्टा लगायतका बस्तीहरुको लागि स्वास्थ्य सेवामा पहुच पुर्याउन गेसाङमा सामुदायिक स्वास्थ्य इकाइको आफ्नै

सरकारले हासिल गरेका केहि महत्वपूर्ण उपलब्धिहरु यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

विहादी गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

- राजनीतिक र प्रशासनिक संयन्त्र संस्थागत भएको छ ।
- कर्मचारीको केहि हद सम्म पदपुर्ति, प्रशासनिक भवन, सभाहल तथा वडा कार्यालयहरुको भवन निर्माण जस्ता कार्यहरुले जनतालाई प्रदान गर्ने सेवाहरुमा प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि भएको छ ।
- सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन, के.जी. कक्षा सञ्चालन, दिवा खाजा जस्ता कार्यक्रमहरुले बालबालिकाहरुको शैक्षिक पहुँचमा वृद्धि भएको छ ।
- सवै तहका अधिकांश विद्यालयहरुमा आधुनिक भूकम्प प्रतिरोधी भवन, शौचालय, खानेपानि, ICT Lab, विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पुर्वाधारहरुको निर्माण गरिएको छ र कतिपयमा सम्पन्न हुने क्रममा रहेका छन ।
- वहाकी सामुदायिक क्याम्पसको प्रशासनिक तथा क्याम्पस भवन निर्माण भै सेवा संचालनमा आएको छ ।
- विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम मार्फत विद्यार्थीहरुको अन्तर्निहित क्षमता उजागर गर्ने कार्यक्रमहरु सञ्चालन गरिएका छन ।
- कोभिड-१९ का कारण विद्यार्थीमा भएको सिकाइ क्षतिलाई न्युनीकरण गर्न वैकल्पिक माध्यमका पाठ्यपुस्तकहरुको व्यवस्था गरिएको छ ।
- शिक्षकहरुको क्षमता विकास गर्न हस्तलेखन तालिम, लेखा व्यवस्थापन तालिम, ICT तथा IEMIS तालिमहरु सञ्चालन गरिएका छन ।
- पालिका अन्तर्गत रहेका सबै विद्यालयमा आइसिटी तथा इन्टरनेट सेवा प्रदान गरिएको छ ।
- माध्यमिक तह सञ्चालित सबै विद्यालयहरुमा विद्युतीय हाजिर गर्ने व्यवस्था मिलाइएको छ ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण गर्ने कार्यलाई अगाडी बढाइएको छ ।
- शिक्षक दरबन्दी मिलान कार्यविधी २०७६ मा व्यवस्था भए बमोजिम यस पालिका अन्तरगत रहेका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान कार्यलाई सम्पन्न गरिएको छ ।
- सवै सामुदायिक विद्यालयका किशोरीहरुलाई निशुल्क सेनीटरी प्याड उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ ।
- बालविकासमा अध्ययनरत बालबालिकाहरुको लागि बाल शिक्षण सामग्रीहरुको व्यवस्था गरिएको छ ।
- विहादी गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुबाट नेपाल सरकारको मापदण्ड अनुसार अत्यावश्यक एबं आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- भौगोलिक रुपले असहज ५ नं. वडाको गेप्तांग, भतेरपाटा, लुरिंग, चिउरीखाल्टा लगायतका बस्तीहरुको लागि स्वास्थ्य सेवामा पहुच पुर्याउन गेप्ताङ्मा सामुदायिक स्वास्थ्य इकाइको आफ्नै

- १ नं. वडा बाच्छाको बाह्रबिसेमा आधारभूत स्वास्थ्य सेवा सहित सुरक्षित प्रसुति सेवा संचालनका लागि कर्मचारी ब्यबस्थापन र पूर्वाधार सहित भवन निर्माण कार्य सम्पन्न भइसकेको र सेवा सञ्चालनको तयारी समेत सम्पन्न भएको छ ।
- ६ नं. वडा शालिग्राममा भवन लगायतका पूर्वाधार स्थापना तथा कर्मचारी ब्यबस्थाप्रन सहित बर्थिङ सेन्टर सञ्चालनमा रहेको छ । साथै स्वास्थ्य मन्त्रालयको मापदण्ड बमोजिमको स्वास्थ्य चौकी भवन निर्माण अन्तिम चरणमा पुगेको र आ.व. ०७८/७९ को सुरुबाटै सेवा प्रवाह गरिनेछ ।
- ३ नं. वडा रानीपानी स्थित विहादी स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला सेवालाई आवश्यक सामाग्री सहित अझ ब्यबस्थित गरी नियमित सञ्चालन गरिएको छ । अत्यावश्यक सेवा अन्तर्गत एम्बुलेन्स सेवालाई सबै ब्यबस्थापिकीय जिम्मेवारी सहित संचालनमा ल्याइएको छ ।
- १, ४, ५, नं. वडाहरुमा बाह्य खोप केन्द्र भवनको निर्माण र सवै वडाको बाह्य खोप केन्द्रहरुमा फर्निचर ब्यवस्थापन गरिएको छ ।
- २ नं वडा बराचौरमा १५ शैयाको अस्पताल भवन निर्माणको सम्झौता भै निर्माण प्रक्रिया अगाडी बढेको छ ।
- वहाकी स्वास्थ्य चौकी भवनमा अस्थाई कोभिड अस्पतालको स्थापना गरी संक्रमितहरुको लागि डाक्टर सहितको निशुल्क उपचार सेवा संचालन गरिएको छ भने होम आइसोलेसनमा रहेका कोभिड संक्रमितहरुलाई स्वास्थ्यकर्मीहरुबाट आवश्यक परामर्श तथा उपचारको व्यवस्था मिलाइएको छ ।
- सबै वडाहरुमा कोभिड-१९ संकास्पद व्यक्तिहरुको परिक्षण कार्य प्रभाबकारी रुपमा संचालन गरिएको, संक्रमितहरुलाई होम आइसोलेसनमा ब्यबस्थापन गरिएको छ भने लक्षण सहितका बिरामीहरुलाई निशुल्क एम्बुलेन्स सेवा सहित कोभिड अस्पतालमा उपचारको व्यवस्था गरिएको छ ।
- एक घर एक टनेल कार्यक्रमलाइ प्रभावंकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ । तरकारी खेतिमा पालिकालाइ आत्मनिर्भर बनाउन कृषकहरुलाइ प्रोत्साहन गरिएको छ ।
- सवै वडाहरुमा नर्सरी सञ्चालन गरि विउविजन तथा विरुवाहरु वितरण गरिएको, भकारो सुधार कार्यक्रमलाइ माग, आवश्यकता र निर्माणको आधारमा अनुदान उपलब्ध गराइएको छ ।
- २ नं वडा बराचौरको भास्तुंगमा बिउ भण्डारण सामुदायिक केन्द्रको स्थापना भएको छ ।
- उन्नत जातका पशुपन्छी पालन र ब्यावसायिक पशुपन्छी कृषकलाइ प्रोत्साहन गर्ने अनुदान कार्यक्रम सञ्चालन गरिएको छ ।
- उन्नत तथा लोकल जातका व्यवसायिक रागो पालक कृषकलाइ प्रोत्साहन गर्ने अनुदानको व्यवस्था मिलाइएको छ ।
- स्थानीय जातका गाईलाइ संरक्षण एबं प्रवर्द्धन गर्ने सुत्केरी तथा पोषण खर्चबापत प्रोत्साहन रकम उपलब्ध गराईएको छ ।
- व्यवसायिक बाख्रा तथा कुखुरा पालक कृषकहरुका लागि प्रोत्साहन अनुदान उपलब्ध गराईएको छ ।
- पालिका अन्तर्गतका २ वटा सहकारी मार्फत दुध वा दुग्धजन्य र ३ वटा सहकारी मार्फत कृषि रासायनिक मलको मूल्य निर्धारण गरि सुलभ रुपमा बिक्रि वितरण गर्ने व्यवस्था मिलाइएको छ ।
- माग हुन् आएका सम्पूर्ण कृषकहरुलाई मिनीटिलर र कम्बाइन मिलमा ५० % अनुदान उपलब्ध गराई वितरण गर्ने व्यवस्था मिलाइएको छ ।
- सवै वडाका गौरवका सडक योजनाहरुको डि.पी.आर. सम्पन्न भएकोछ । प्रत्येक वडाहरुमा गुणस्तरीय

- २ नं. वडा बर्राचौरको तिलाहार चौरमा औद्योगिक ग्राम स्थापनाका लागि पूर्वाधार निर्माण कार्य दुर्त गतिमा अगाडी बढेको छ भने पातालमा पिसपार्क भवन सम्पन्न हुने चरणमा छ ।
- बाच्छा, वारचौर, उराम र शालिग्राममा होमस्टेहरु स्थापना भइ सञ्चालनमा आएका छन् । जसले अन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नुका साथै स्थानीय आय आर्जनमा प्रत्यक्ष टेवा पुगेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्दै स्थानीय आवश्यकताका योजना तथा निर्माण जस्ता उत्पादनमुखी र उपलब्धिमुलक कार्यमा परिचालन गरिएको छ ।
- उक्त कार्यक्रमबाट १८० जना बेरोजार नागरिकहरुले १०० दिनको प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गरेका छन् भने करिब ९ कि.मि. घोरेटो बाटो लगायत अन्य सह-लगानीका निर्माण कार्य सम्पन्न भएका छन ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई online प्रणालीमा व्यवस्थित गरि पारदर्शी एबम सर्व शुलभ बनाउन डिजीटाइजेसन प्रबिधि संचालन गरिएको छ ।
- रानीपानी प्रहरी चौकी भवन निर्माणको काम तिव्र गतिमा अगाडी बढेको छ ।
- रानीपानीको एतिहासिक शिबगुफाको मन्दिर पुरातात्विक प्रविधिबाट निर्माण अन्तिम चरणमा पुगेको छ ।
- संघिय सरकार द्वारा संचालित शालिग्राम लिफ्ट खानेपानी आयोजना शालिग्राम र अरेवा लिफ्ट खानेपानी आयोजना रानीपानी तथा गण्डकी प्रदेश सरकार मार्फत संचालित रुम्टा लिफ्ट खानेपानी आयोजना रानीपानी र ज्याङ्दी खोला लिफ्ट खानेपानी आयोजना शालिग्राम सम्पन्न हुने क्रममा रहेकाछन् ।
- विहादी गाउँपालिका ४ नं वडा वहाकी र २ वडा बराचौरमा एक घर एक धारा खानेपानी आयोजना संचालन गर्न श्रोत पहिचान गरि सर्भे गर्ने कार्य सम्पन्न भएको छ
- सवै वडामा काठको विद्युतिय पोलहरुलाइ फलामे पोल द्वारा विस्थापनको काम अन्तिम चरणमा पुगेको छ ।
- न्यायिक समिति तथा वडा मेलमिलापकर्ताहरुलाई न्यायिक कार्य सम्पादन सम्वन्धि तालिम तथा कार्यक्रमहरु संचालन भएका छन् ।
- आफ्नो क्षेत्राधिकार अन्तर्गतका अधिकाँश उजुरीहरुको ब्यबस्थापन कार्य सम्पन्न गरिएका छन ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**"विकास र सुशासन, आत्मनिर्भरताको अभियान,"** भन्ने मुल नारालाइ साकार पार्न विषयगत रुपमा निम्न नितिहरु अबलम्बन गरिने छ ।

**आर्थिक विकास :**

- कृषि क्षेत्रलाई व्यवसायीकरण र आत्मनिर्भर गर्न विविधीकरण, आधुनिकीकरण तथा यान्त्रिकीकरणमा जोड दिदै संचालित कार्यक्रमहरुमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।
- कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेती प्रणाली अवलम्बन गरिनेछ । माटो परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्दै कृषकहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिनेछ ।

- निर्वाहमुखी खेतीलाई व्यवसायिक तर्फ उन्मुख गराउन कृषकको ज्ञान, शिप र दक्षता अभिबृद्धि गराउन मागमा आधारित तालिम संचालनमा ल्याइनेछ ।
- च्याउ उत्पादनलाइ व्यवसायिक बनाउन बिउमा अनुदान र तालिम कार्यक्रम संचालन गरिनेछ ।
- कृषकले उत्पादन गरेको अदुवालाई बजारीकरण गरि बिउ खरिदमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।
- एक वडा एक नर्सरी र एक घर एक टनेल कार्यक्रमलाइ अनुदान तथा साझेदारीमा यस वर्ष पनि निरन्तरता दिइनेछ । साथै तरकारी खेतिको लागि सिंचाइको पहुँच नभएको ठाउँमा प्लास्टिक पोखरी निर्माण गरिनेछ ।
- मूत्र बाट खेरजाने पोषकतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न यस वर्ष पनि भकारो सुधार कार्यक्रम, प्राङ्गारिक मल तथा स्थानिय जैविक विषादी उत्पादन कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।
- कृषि पेशालाइ आकर्षित, मर्यादित र बचत गर्ने बानीको विकास गर्दै " एक घर एक कृषक, एक कृषक एक बैंक खाता" कार्यक्रम अन्तर्गत कृषक कल्याणकारी बचत कोष संचालनमा ल्याइनेछ ।
- उक्त कार्यक्रम अन्तर्गत कृषक र गाउँपालिकाको साझेदारीमा स्थानीय सरकारबाट रु २५० मासिक कृषकको खातामा जम्मा गर्न बजेटको व्यवस्था मिलाइनेछ ।
- आ.व. ०७८/७९ मा २००० घरधुरीलाई यस कार्यक्रम आवद्ध गराइने छ भने क्रमश सबै घरधुरीलाई उक्त कार्यक्रममा आवद्ध गरिने रणनीति अबलम्बन गरिने छ ।
- सह लगानीमा कृषि बजार ब्यबस्थापन तथा कृषि उपज हाटबजार स्टल निर्माण कार्य संचालन गरिनेछ । साथै कृषकहरुले उत्पादन गरेको कृषि उपज बजार सम्म पुर्याउन साझेदारीमा कृषि एम्बुलेन्स संचालन गरिनेछ । जसबाट कृषकहरु प्रत्यक्ष लाभान्वित हुनेछन ।
- सहकारीलाई प्रभाबकारी नियमन तथा उचित व्यवस्थापन गर्दै कृषि तथा पशुपंक्षी विकास लगायतका क्षेत्रमा साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- गोठ सुधार कार्यक्रम, व्यवसायिक पशुपालन, मौरीपालन, माछापालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्रिजन्य बस्तुको उत्पादनलाइ प्रोत्साहन गरी आत्मनिर्भरता तर्फ उन्मुख गराइनेछ ।
- कृत्रिम गर्भाधान तथा प्राकृतिक नस्ल सुधार लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- वडास्तरमा दुग्ध चिस्यान केन्द्र स्थापना तथा दुध ढुवानीको लागि मिल्क क्यानको व्यवस्था गरिनेछ साथै दुग्धजन्य ढुवानीमा अनुदान उपलब्ध गराइनेछ ।
- पशुपंक्षीको रोग रोकथाम र उपचारमा सहजता पुर्याउन औषधी तथा भ्याक्सिन सहज रुममा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- सहकारी समुहहरु मार्फत सामुहिक खेति तथा पशुपालन प्रणालिलाई प्रोत्साहन गरिनेछ ।
- श्रमिकहरुको श्रमको सम्मान गर्दै उचित ज्यालादर निर्धारण गरिनेछ । स्थानीय स्रोत साधनको उच्चतम उपयोग गर्दै स्वरोजगारमुलक सीप विकास सम्बन्धी तालिम संचालन गरि दिगो र भरपर्दो आय आर्जनको श्रोत सुनिश्चिततका लागि समुचित अनुदानको व्यवस्था गरिनेछ ।
- अनुपस्थित भू-स्वामित्व तथा खेतीयोग्य जमिनलाई बाझो राख्ने प्रवृतिको अन्त्यका लागि पहल गरिनेछ । बैज्ञानिक भू-उपयोग नीति बनाउन सुरुवात गरिनेछ ।
- कृषि तथा वन नर्सरीको विस्तार गरि जडिबुटि खेतिको सम्भाब्यता अध्ययन गरि जडीबुटी खेतिलाई प्रोत्साहन गरिनेछ । वन संरक्षण तथा वन व्यवस्थापन संबन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

- पर्यटन मार्फत आर्थिक विकासका लागि धार्मिक तथा पर्यटकिय क्षेत्रको पहिचान, संरक्षण र विकासमा जोड दिइनेछ । शालिग्राम शिला लगायतका धार्मिक क्षेत्रहरुलाई संरक्षण गरी धार्मिक तथा पर्यटकिय पहिचान स्थापित गर्दै नयाँ पर्यटकिय गन्तब्यको खोजीलाई निरन्तरता दिन पर्यटन गुरुयोजना तयार गरिनेछ ।
- पर्यटकीय भ्यु-टावर निर्माण तथा Paragliding को संभाव्यता अध्ययन गरिनेछ । बिहादी ५ उरामको लामाचौरमा Paragliding को लागि पूर्वाधार निर्माण कार्य सम्पन्न गरि इच्छुक संस्थालाई व्यवसायिक रुपमा संचालन गर्न अनुमति दिइनेछ ।
- घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिनेछ । स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ । लघु उद्यम सम्बन्धी आवधिक योजना अनुरुप कार्यक्रमहरु संचालन गरिनेछ ।
- उद्योग, व्यापार तथा उत्पादनमुखी व्यवसायलाई व्यवस्थित गर्दै उचित करको दायरामा समावेश गरिनेछ । उत्पादित वस्तु तथा सामग्रीहरुको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ ।
- कोभिड-१९ संक्रमणबाट निषेधाज्ञा र बन्दाबन्दिको कारण उद्यमी व्यवसायीहरुलाई परेको मर्कालाई आत्मसात गर्दै चालु आ.व.को व्यवसाय करमा बिशेष छुट दिने व्यवस्था मिलाईने छ ।
- निर्माणाधिन औधोगिक ग्राम पुर्वाधार निर्माण कार्यलाई समयमै सम्पन्न गरी साना उद्योग तथा स्थानीय उत्पादनलाई अन्तर स्थानीय तहमा निर्यात गर्ने कार्यलाई प्रोत्साहन गरिन्छ ।
- बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई रोजगारी प्रत्याभूति गरिनेछ । यसरी रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माणसम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा जोड दिइनेछ ।
- न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माणमा जोड दिइनेछ भने निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ ।
- कामलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न "श्रमको सम्मान, राष्ट्रको अभियान" लगायतका चेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**सामाजिक विकास :**

- आधारभूत तह उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालय पहुँचको सुनिश्चितता गर्दै नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यन्वयन कडाईका साथ लागु गरिनेछ ।
- बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई व्यवस्था भए बमोजिमको न्युनतम तलबको सुनिश्चिता गर्दै बालविकास सहजकर्तालाई बालमनोविज्ञान तथा क्षमता विकास सम्बन्धी तालिम दिई सक्षम बनाउनुका साथै बालशिक्षालाई सुविधा सम्पन्न तथा अनिवार्य गरिनेछ ।
- कोभिड-१९ का कारण विद्यार्थीको सिकाईमा भएको क्षतिलाई न्युनीकरण गर्न अतिरिक्त कक्षा संचालन गर्ने व्यवस्था मिलाइनुको साथै संक्रमण बढी भएको ठाउँमा वैकल्पिक माध्यम र कम भएको ठाउँमा विद्यार्थीको भौतिक उपस्थिति मै कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- पूर्व प्राथमिक शिक्षालाई प्रभावकारी बनाउन कक्षा १ र बालविकास केन्द्रको विचमा के. जि. कक्षा

- विद्यार्थी संख्या तथा भौगोलिक आवस्यकताका आधारमा विद्यालयको समायोजन गर्ने प्रकृया अगाडि बढाइने छ ।
- सामुदायिक विद्यालयका शिक्षक कर्मचारी ,राष्ट्रसेवक कर्मचारी ,जनप्रतिनिधि तथा राज्यकोषबाट पारिश्रमिक लिने सम्पूर्ण पदाधिकारीहरुका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।
- विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउन कम्प्युटर प्राविधिकको व्यवस्था गरी सम्पूर्ण सामुदायिक विद्यालयमा सूचना प्रविधिको पहुँच सुनिश्चित गरी इन्टरनेट सेवा प्रदान गरिनेछ ।
- शिक्षकहरुको अनुभव आदान प्रदान गरी गुणस्तरीय सिकाई अभिवृद्धि गर्न अन्तर विद्यालय शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्र.अ.हरुलाई विद्यालय व्यवस्थापन तालिम, विषयगत शिक्षक तालिम ,पुनर्ताजगी तालिम, ICT तथा IEMIS सम्बन्धी तालिम लगायतका तालिमलाई निरन्तरता दिइनेछ ।
- प्र.अ.लाई संस्थाप्रति अझै जिम्मेवार बनाउन कार्यसम्पादन करार सम्झौता गर्ने तथा उत्कृष्ट बिधालय, शिक्षक, कर्मचारी, बिद्यार्थी एबं वि.व्य.स. पदाधिकारी र अभिभावकहरुलाई पुरस्कृत गरिनेछ ।
- कार्यसम्पादन मूल्यांकनका आधारमा करार शिक्षकहरुको करार सम्झौता पुनरावलोकन गरिनेछ ।
- विद्यालयहरुमा वायोमेट्रिक हाजिरी जडानलाई निरन्तरता दिई सबै विद्यालयहरुमा E-Attendance System को व्यवस्था गरिनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।
- कक्षा ६ -१२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सवै छात्राहरुलाई निशुल्क सेनिटरी प्याडको व्यवस्था गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विश्वव्यापी महामारी (Covid-19) का कारण हुन गएको शैक्षिक क्षति न्युनिकरण गर्न अतिरिक्त कक्षाहरु सञ्चालन गर्न विद्यालयहरुलाइ प्रोत्साहन गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रलाई थप व्यवस्थित र प्रभाबकारी बनाईने छ ।
- प्राथमिक तहमा गणित तथा विज्ञान विषयलाई अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको अनुगमन तथा सुपरीवेक्षण प्रक्रियालाई विषयविज्ञ, जनप्रतिनिधी, वि.व्य.स, अभिभावक समेतको संलग्नतामा व्यवस्थित बनाइनेछ ।
- कक्षा १ - ९ को बार्षिक परीक्षा ,सिकाइ उपलब्धी परीक्षाहरु गाउँपालिका स्तरबाट सञ्चालन गरी परीक्षालाई थप ब्यवस्थित र मर्यादित बनाइनेछ ।
- आधारभूत तह कक्षा १-५ सम्मका बालबालिकाहरुलाई निशुल्क दिवा खाजाको ब्यवस्था गरिनेछ साथै सो भन्दा माथिल्ला कक्षाका बालबालिकाहरुलाई दिवा खाजा सञ्चालन गर्नको लागि विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।
- विद्यार्थीहरुलाई कक्षा ११ र १२ मा गणित तथा विज्ञान विषय अध्ययन गर्न प्रोत्साहन गर्दै गाउँपालिका अन्तर्गत रहेको सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान विषय पठनपाठनको लागि

- विद्यालय छोडेका बालबालिकाहरुलाई फेरी विद्यालयमा फर्काउन सेवा क्षेत्रको विद्यालयलाई प्रोत्साहित गर्दै सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुलाई विशेष कक्षा सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- खेलकुद प्रति अभिरुची भएका विद्यार्थीलाई खेलकुद, भाषा, साहित्य, संगीत जस्ता-सीप विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- बेरोजगार युवारुलाइ व्यवसायिक तथा स्वरोजगार मुलक तालिम दिइनेछ । तालिम पश्चात आय आर्जनका क्रियाकलापमा संलग्न गराई स्वरोजगार बन्न प्रोत्साहत गरिनेछ ।
- भाषा ,साहित्य ,संगीत ,कला को प्रवर्धनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- आधारभूत एबं गुणस्तरिय स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरी बसाइसराइँ लाई निरुत्साही गरिनेछ ।
- बिहादी गाउँपालिकाको एक मात्र वहाकी सामुदायिक क्याम्पस र नेपाल तारा प्राविधिक शिक्षालयलाई गुणस्तरीय र व्यवहारिक शिक्षा प्रदान गर्न नियमित अनुदानको व्यवस्था गरिनेछ ।
- विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि पालिका स्तरीय तथा वार्ड स्तरीय संयन्त्र परिचालन गरिने छ । उक्त कार्यका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, लगायत सबै निकाय र समुदायको सहभागितामुलक जिम्मेवारी र भुमिका बाडफाड गरिनेछ ।
- बिहादी गाउँपालिका अन्तर्गत संचालित कोभिड अस्पताललाई आगामी आ.व.को लागि निरन्तरता दिन आवश्यक पहल गरिनेछ । कोभिड संक्रमित लगायत अन्य बिरामीको उपचार निदानका लागि एक्सरे, ल्याब, ईसीजी लगायतका सेवालाई विस्तार गरि उपचार प्रणालीलाई प्रभाबकारी बनाइनेछ ।
- विहादी स्वास्थ्य चौकी रानीपानीमा सञ्चालनमा रहेको प्रयोगशाला सेवालाइ प्रभावकारी बनाई निरन्तरता दिइने छ । आगामि दिनहरुमा अन्य स्वास्थ्य संस्थाहरुमा सेवा विस्तार गर्ने निति अबलम्बन गरिनेछ ।
- एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन कार्यलाई व्यवस्थित गर्दै निरन्तर संचालनको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य सुरक्षाका सामग्री, औषधि लगायत अन्य आवश्यक सामग्रीको ब्यवस्थापन गरि स्वास्थयकर्मीहरुको मनोबल उच्च गर्न कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि खटिने स्वास्थ्यकर्मीहरुलाइ स्वास्थ्य मन्त्रालयको प्रोटकल अनुसार प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गरिनेछ ।
- स्वास्थ्य सेवामा सबै नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्न आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- नेपाल सरकारको मापदण्ड बमोजिमको भवन नभएका बाच्छा र उरामपोखरा स्वास्थ्य चौकी यहि आ.व. ०७८/७९ मा निर्माण कार्य सम्पन्न भइ आगामी आ.व. को अन्त्य सम्म बिहादी गाउँपालिकाका सबै वडामा नेपाल सरकारको मापदण्ड बमोजिमको स्वास्थ्य चौकी भवनबाट सेवा सन्चालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य सेवा सहज रुपमा नागरिक सम्म पुर्याउन बाच्छाको बाह्रबिसेमा स्थापना भएको भवनबाट आ.ब. ०७८/७९ देखि सुरक्षित प्रसुती सेवा लगायतका आधारभुत स्वास्थ्य सेवा संचालनमा

- घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै आमा र शिशुको स्वास्थ्यमा प्रवर्धन गर्न पूर्ण सस्थागत प्रसुती कार्यक्रमलाई प्रोत्साहित गरिने छ । स्वास्थ्य संस्थामा प्रसुति हुने सुत्केरी महिलालाई पोषण प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी भएका सबै महिलाहरुको PNC Home Visit लाइ प्रभावकारी र अनिवार्य रुपमा सञ्चालन गरिनेछ ।
- खोप पाउने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई आत्मसात गर्दै पूर्णखोप सुनिश्चित पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीलाई नेपाल सरकारको मापदण्ड अनुसार प्रदान गरिने सबै प्रकारका औषधिहरुको आपुर्ति बाह्रै महिना सुनिश्चित गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सेवा प्रति प्रोत्साहित गर्दै स्वास्थ्य सेवा संचालनमा आकर्षण गराइनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता एवं दक्षता अभिवृद्धि गर्न र अत्यावश्यक सेवा संचालनका लागि आवश्यक सिपमुलक तालिम संचालनका लागि संघीय तथा प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभादकारी गराइनेछ । पोषण मैत्री स्वास्थ्य संस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभाकारी रुपमा संचालन गर्न आवश्यक रणनीति अवलम्बन गरिनेछ ।
- अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँच पुराउन गाउँपालिकाबाट निशुल्क स्वास्थ्य बीमा प्रदान गर्न आवश्यक रकम बिनियोजन गरिने छ ।
- शालिग्राम आयुर्वेदिक औषधालयलाई प्रभाबकरी सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- एक घर एक धारा कार्यक्रम मार्फत खांनेपानी उपलव्ध गराउने कार्यक्रमलाई प्राथमिकताका साथ संचालन एवम् निरन्तरता दिइनेछ ।
- एक वडा एक पोखरी निर्माण गरी भूक्षय नियन्त्रण तथा खानेपानी मूल संरक्षण गर्ने नितिलाइ निरन्तरता दिइने छ ।
- आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्नका लागि महिलाहरुलाई समुहमा आवद्ध गराई बचत गर्ने बानीको विकास गरिनेछ ।
- महिला समुहहरुको संस्थागत विकासका लागि मागमा आधारित सिप तथा व्यवसायिक तालिम संचालन गरि सामाजिक रुपमा सशक्तिकरण गर्न नेतृत्व तथा क्षमता विकास कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
- महिला हिंसा, दुर्व्यवहारका घटना तथा महिला माथि गरिने लैङ्गिक विभेद निवारण सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपांगता भएका नागरिकहरुलाई सिपमुलक तालिम संचालन गरि स्वावलम्बी बनाउन आवश्यक पहल कदमी गरिनेछ ।
- समाजको सम्मानित हिस्साको रुपमा रहेका जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्न र बृद्ध नागरिकहरु प्रति सम्मानजनक व्यवहार र प्रोत्साहन गर्न जेष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

- जातिगत भाषा, सस्कृति एवं सुयोग्य संस्कारको प्रवर्द्धन गरिनेछ र जातिय संस्कारका रुपमा महोत्सव, नाच, पर्व आदीको उचित संरक्षण एंव प्रवर्द्धन गरिनेछ ।
- पर्यटन विकासका लागि गाउँपालिका क्षेत्र भित्रका धार्मिक, ऐतिहासिक, तथा पुरातात्वीक संपदाहरुको पहिचान विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलंबन गरिनेछ ।
- सेतिवेणी शिला, छापकोट कालिका मन्दिर, शिवपुरीधाम गुफा, लुङरिङकोट मन्दिर, गौरादेवी मन्दिर, रम्भादेवी मन्दिर, शिवगुफा मन्दिर, रास्कोट खड्क मन्दिर, शितलगुफा, बच्छेश्वर स्थान, जस्ता धार्मिक तथा पर्यटकीय सम्भावना बोकेका स्थानहरुको संरक्षण, पहिचान, विकास र प्रचारप्रसारमा जोड दिदै आन्तरिक धार्मिक पर्यटनको गन्तब्य स्थलको रुपमा विकास गर्दै लगिने छ ।
- पर्यटकिय संभावना भएका र ग्रामिण क्षेत्रभित्र संचालनमा आएका होम स्टेहरुलाई अझ प्रभावकारी र ब्यवस्थित रुपमा सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- विहादी गाउँपालिकालाइ पुर्ण सरसफाइयुक्त र बालमैत्री पालिका घोषणा कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

**पुर्वधार विकास:**

- पालिका तथा वडास्तरिय गौरवका योजनाहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि, खानेपानी, तथा सरसफाई, गरिवी न्युनिकरण, साना सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई, रोजगारमुलक उद्यमको विकास, वस्तिसम्म सडक विस्तार तथा स्तरोन्नतीकरण लगायत पर्यटन प्रवर्द्धन कार्यक्रमहरुमा साझेदारी निति अवलम्वन गर्दै पुर्वाधार विकासलाई जोड दिईनेछ ।
- गाउँपालिकाको कार्यालय र वडा कार्यालय जोड्ने गाउँपालिका स्तरिय सडकमा बाह्रै महिना यातायात संचालन गर्ने सडकको स्तरोन्नती लाई प्राथामिकता दिईनेछ ।
- खरको छाना भएका घरहरुलाई जस्ता पाता द्वारा विस्थापन गरिनेछ ।
- एक घर एक धारा खानेपानी कार्यक्रमलाई प्रभावकारी बनाउन नयाँ स्रोतहरुको पहिचान तथा लिफ्टिङ्ग विधिबाट आधारभुत खानेपानी नपुगेको स्थानमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तता दिइनेछ, साथै पुराना आयोजनाहरुको मर्मत र सुधार गरिने छ ।
- विद्युत तथा वैकल्पिक उर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइनेछ । यस गाउँपालिकामा निर्माणधिन जलविद्युत आयोजना तोकिएको समयमा सम्पन्न गराउन आवश्यक सहयोग, सहजीकरण र समवन्य गरिनेछ ।
- युवा तथा किशोर किशोरीहरुलाई खेलको माध्यमबाट समुदायमा अनुशासन र स्वस्थ आनीवानीको विकास गर्न एक वडा एक खेल मैदान कार्यक्रमलाई निरन्तरता दिदै ,गाउँपालिका स्तरिय इमिचौर, दुर्लाङ्ग चौर र सापचौर लगायतका खेल मैदानलाई स्तरोन्नती गर्दै लगिनेछ ।
- जनसहभागिता जुट्ने योजनालाई प्राथामिकतामा राखि बजेट विनियोजन गरिनेछ ।
- नागरिकको आवश्यकता, विकासको अवस्था र श्रोतको उपलब्धता बिच तादाम्यता कायम गर्न आवधिक योजनाको निर्माण गरिनेछ ।

➢ कालिगण्डकी जलाशययुक्त बहुउद्देश्यीय परियोजना निर्माणका लागी छिमेकी स्थानिय तह, प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गरिनेछ।

➢ कृषि उत्पादनमा वृद्धि गर्न कालिगण्डकी लिफ्ट सिंचाई आयोजनाको सम्भाब्यता अध्ययन गरिनुको साथै सिंचाई नहर, कुलाहरु र टंकीहरुको निर्माण कार्यलाइ प्राथमिकताको साथ अगाडी बढाइनेछ।

➢ भुकम्पबाट क्षति भएका भौतिक संरचना निर्माणका लागी आवश्यक पहल गरिनेछ। आफ्नै लगानीमा निर्माण हुने भौतिक संरचना पनि भुकम्प प्रतिरोधि बनाउन प्राविधिक सहयोग प्रदान गरिनेछ।

➢ भेडाबारी सल्यान, भतेरपाटा, गेप्तांग , चिउरीखाल्टा, शिवपुरीधाम हुदै डुडखोला पर्यटकीय सडकको सम्भाव्यता अध्ययनलाई अगाडी बढाईनेछ।

➢ खोला तथा कालिगण्डकी नदीमा आवश्यकता अनुसार आकाशे तथा झोलुंगेपुल निर्माण कार्य अगाडी बढाइने छ।

➢ साना तथा मझौला घरेलु उद्योगको स्तरोन्नती गर्नुको साथै उत्पादन वृद्धि, रोजगारी सृजना तथा गरिवी निवारणको लागी निर्माणधिन औधोगिक ग्रामको लागी पुर्वाधार विकास योजनालाई संघ, प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा निर्माण कार्य सम्पन्न गरिनेछ।

➢ जसबाट स्थानीय उत्पादनमा वृद्धि र बजारीकरणमा टेवा पुग्ने अपेक्षा लिएको छु।

➢ गाउँ कार्यपालिकाको प्रशासनिक भवन र सबै वडा कार्यालय भवन निर्माण कार्य आ.व.०७८/०७९ मा सम्पन्न गरिनेछ।

➢ बाढी पहिरो र विपदमा परेका परिवारलाई आवश्यक राहत उपलब्ध गराइनेछ साथै संघ र प्रदेश सँग समन्वय गरी पुनर्स्थापना कार्यलाइ अगाडी बढाउन पहल गरिनेछ।

➢ विहादी गाउँपालिकाले निर्माण गरेका अन्य सडकहरुलाई स्तरोन्नती वा कालोपत्रेको लागि प्रदेश तथा संघिय सरकार समक्ष बजेट विनियोजनका लागि प्रक्रिया अगाडी बढाइने छ।

➢ प्रदेश सरकारको आयोजनामा संचालन भएको चिसापानी वहाकी बराचौर सडक खण्ड मध्ये करिब ६.५ कि.मि. सडक कालो पत्रे भै सकेको र बाकी करिब ८ कि.मि. आ.व. ०७८/०७९ मा सम्पन्न हुने गरि काम अगाडी बढेको र संघीय सरकारको आयोजनामा उत्तर दक्षिण लोकमार्ग (कालि गण्डकी करीडोर) को सेतिबेनी रानीपानी बराचौर हुदै बाच्छा सम्मको सडक आ.व. ०७८/७९ को अन्त्य सम्ममा कालोपत्रेको काम सम्पन्न हुनेगरी कार्य अगाडी बढीरहेको अवस्थामा सेवा प्रदायक संस्थासंग समन्वय गर्दै निर्धारित समयमै सम्पन्न गर्न आवश्यक कार्य अवलम्वन गरिनेछ।

➢ सेतिवेणी, चर्कांग, छचन्ने उरामपोखरा सडक आ.व. २०७८/७९ मा संघीय सडकमा समाबेश भै बजेट समेत बिनियोजन भैसकेकोले उक्त सडकलाई प्रभावकारी रुपमा कार्यन्वयनको लागि पहल गरिनेछ।

➢ सेतिवेणी, देउराली भञ्ज्याङ, उराम, गेप्ताङ, लुँखु कार्कीनेटा चित्रै भदौरे हुदै पोखरा जोड्ने सडक राष्ट्रिय सडक सञ्जालमा समावेश भई बजेट समेत विनियोजन भैसकेको अवस्थामा विहादीको शालिग्राम सेतीवेणीलाई जिरो मानी सडक स्तरोन्नति गर्न प्रभावकारी पहल गरिने छ।

**वातावरण तथा विपद व्यवस्थापन :**

➢ हरियाली प्रर्वद्धन, प्राकृतिक स्वच्छता तथा सुन्दरता कायम गर्ने कार्यलाई प्राथामिकता दिदै विकास निर्माण कार्य संचालन गर्दा दिगो विकास तथा हरित विकास निती अवलम्वन गरिनेछ।

- ➢ पहिरो, बाढि तथा नदी नियन्त्रणका लागि वृक्षारोपण, ग्याविन, तटबन्ध निर्माण लगायतका कार्यहरुमा जोड दिइने छ ।
- ➢ प्राकृतिक श्रोतको पहिचान र दिगो सदुपयोगका लागि सम्भाव्य प्राकृतिक श्रोत/स्थलको सम्भाव्यता र बातावरणीय प्रभाव अध्ययन IEE गरि श्रोतको उपयोगलाई करको दायरामा समावेश गर्ने नीति अबलम्बन गरीने छ ।
- ➢ नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री जस्ता कार्यहरुलाई प्रचलित कानून अनुसार व्यवस्थित गरिनेछ भने निजी जग्गाबाट उत्पादित ढुङ्गागिटी, बालुवा जस्ता निर्माणमुखी पदार्थको विक्री वितरणलाई समेत व्यवस्थित गरिनेछ ।
- ➢ चरिचरण व्यवस्थापन, डढेलो तथा प्रकोप नियन्त्रणका लागी वन संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धीका कार्यक्रम बनाई लागु गरिनुका साथै जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ➢ गाउँपालिका स्तरिय विपद प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । विपद व्यवस्थापन कोषलाई ब्यवस्थित बनाइ प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- ➢ विपद तथा प्रकोप प्रभावितहरुलाई तत्काल उद्दारका लागी दुर्त प्रतिकार्य समुह (RRT) परिचालन गरिनेछ ।
- ➢ पुर्ण सरसफाई युक्त गाँउपालिका घोषणाका लागी आवश्यक पुर्वधारका कार्यक्रमहरु संचालनमा जोड दिइनेछ ।
- ➢ नयाँ निर्माण हुने सडक किनारा तथा खाली सार्वजनिक स्थानहरुमा बोटविरुवा एवम् फलफुल रोपि पर्यटनलाई आकर्षित गरिनेछ ।
- ➢ प्रकोप जोखिम तथा विपदको घटनाको असरलाई कम गर्न अल्पिकरण, पुर्व तयारी, सचेतना अभिवृद्धिका उपायहरुलाई प्रभावकारी ढंगले अगाडी बढाईनेछ ।

**सुशासन तथा संस्थागत विकास :**

- ➢ सार्वजनिक सेवालाइ उत्तरदायी पारदर्शी र सरलीकृत बनाइनुका साथै सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्वनलाइ संस्थागत गरिनेछ ।
- ➢ गाउँपालिका तथा वडा स्तरमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । जनताको बढ्दो आकंक्षालाई सम्मान गर्दै मितव्ययी ढंगले विधिसम्मत शासन संचालन गरिनेछ ।
- ➢ युवा, महिला, बालबालिका, दलित, जनजाती तथा पिछडिएका वर्गको सशक्तिकरणमा जोड दिदै समुदायमा निर्णायक भूमिकाको पहुँचमा पुराउने आवश्यक नीति अगाडी बढाइनेछ ।
- ➢ संविधान प्रदत्त मौलिकहकहरु सुनिश्चित गर्ने नीति तय गरिने छ । सार्वजनिक सुनुवाईलाई थप व्यवस्थीत एवं वडागत र योजनागत रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- ➢ सामाजिक मेलमिलापको माध्ययमवाट एक आपसमा सामाजिक सदाचार र पूर्ण सम्मानको महसुस हुने नीति अवलम्वन गरिनेछ ।
- ➢ गाउँपालिका भित्र परेका उजुरीहरुको क्षेत्राधिकार भित्र रही न्यायिक समितिबाट समाधान गर्ने परिपाटिलाइ व्यवस्थित गरिनेछ । न्याय सम्पादनमा संलग्न व्यक्तिहरुको क्षमतामा अभिबृधि गरिनेछ

- लैगिंक हिंसा, बालविवाह, मानव बेचविखन तथा सामाजिक कुरुति विरुद्धका सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरी समतामूलक समाज निर्माणमा जोड दिइनेछ ।
- बालमैत्री स्थानीय शासनमा जोड दिनुका साथै सेवा प्रवाहमा वालबालिका जेष्ठ नागरिक पिछडिएका समुदाय तथा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष ग्राहयता दिइनेछ । वडा-नं २ बराचौरलाई कोभिड-१९ संक्रमणको कारणले बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न गर्न नसकिएकोले यसै आ.व.मा आवश्यक सूचकहरु पुरा गरि घोषणा गरिनेछ भने अन्य वार्डहरुमा पनि यस कार्यक्रमलाई क्रमश: विस्तार गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली मार्फत व्यवस्थित गरिनेछ भने सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणालिबाट वितरण गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ ।
- स्थानीय सरकारले कुनै पनि स्वरुपको भ्रष्टाचारलाई सहन नसक्ने भएकोले भ्रष्टाचार जन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुति गरिनेछ ।
- सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत छिटो छरितो, मितब्ययी, पारदर्शी र प्रभावकारी रुपमा सेवा र सुविधाहरु सर्बसुलभ रुपमा उपलब्ध गराउँदै लगिनेछ, जसले गर्दा प्रशासनिक लागत न्यूनीकरण, सेवा प्रवाहमा सुधार, पारदर्शीता एवं जवाफदेहिता कायम एवं अनियमितता नियन्त्रण हुने विश्वास लिइएको छ ।
- सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्बनलाई निरन्तरता दिँदै सजिलै चौविसै घन्टा सरोकारवाला सबैले ईलेक्ट्रोनिक ढाँचामा सुचना, तथ्याङ्क विवरण प्राप्त गर्न सक्ने व्यवस्था मिलाईनेछ ।
- रेडियो सत्यबाणी लगायतका स्थानीय संचार माध्यमलाई प्रोत्साहन गर्दै समग्र संचार माध्यमहरुसंग समन्वय गरि सूचना प्रवाहलाई प्रभाबंकारी बनाइनेछ ।
- बजार व्यवस्थापन तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार तयार गरि घरेलु उधोग तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गरिने छ साथै कालाबजारी नियन्त्रणमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र हाटबजार व्यवस्थापन अत्यावश्यक बस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षीय प्रतिनिधि सम्मिलित समिति गठन गरि अनुगमन र नियमन कार्यलाई प्रभावकारी गरिनेछ ।
- गाँउपालिकाको श्रोतको अनुमान ,परिचालन र उपभोगमा नागरिक सहभागिताको प्रवर्धन गर्दै बजेटको प्रभाबकारी र पारदर्शी रुपमा प्रतिफलयुक्त कार्यान्विन गरिनेछ । योजना कार्यान्वयनमा चुस्तता कायम गर्न प्रविधीको अधिकतम प्रयोगमा जोड दिईनेछ ।
- प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ । कर अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउदै लगिनेछ ।
- सहकारी संस्थाहरुलाई एकीकरणमा प्रोत्साहन गर्न एकीकरण भएको ३ वर्ष सम्म व्यवसाय कर छुट हुने व्यवस्था मिलाउन आवश्यक रणनीति अबलम्बन गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

विश्वब्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोरोना भाइरसबाट सृजित असहज परिस्थितिका कारण आर्थिक वर्ष २०७७/७८ मा प्रस्तुत गरेका निति तथा कार्यक्रम र बजेटलाइ सहज र सुलभ तरिकाबाट कार्यान्वयन गर्न नसकिएको यथार्थता मनन् गर्दै थाति रहेका कार्यक्रम र थप नयाँ कार्यक्रमहरुलाई आगामि दिनहरुमा प्रभावकारी रुपमा सम्पन्न गर्ने दृढ संकल्पका साथ हालको संक्रमण लाई परास्त गरि सम्बृद्ध र सुखि विहादीको परिकल्पना सकार पार्न हामी सवैको साझा सहमति, सहकार्य र एकताबाट मात्र गन्तब्यमा पुग्न सम्भव हुन्छ भन्ने कुरामा पुर्ण विश्वास गरेको छु ।

**अन्त्यमा,**

यस गरिमामय सभामा प्रस्तुत गरिए बमोजिमका अपेक्षित उपलब्धि हासिल गर्न सम्पुर्ण सभा सदस्य ज्युहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, शिक्षक, सुरक्षाकर्मी, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, पत्रकार लगायत आम बिहादीबासीहरुको अमुल्य सहयोग तथा सहभागिताले मात्र सम्भब हुने कुरा अवगत नै छ । यसर्थ यस गाउँपालिका भित्र संचालन हुने हरेक सकारात्मक क्रियाकलापहरुमा यहाँहरु सबैको सार्थक सहभागिताबाट सुन्दर र समुन्नत विहादी बनाउने अपेक्षा सहित यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु, धन्यवाद ।

कमलप्रसाद भुसाल

अध्यक्ष

कमल प्रसाद भुसाल

अध्यक्ष